# दोश्रो चौमासिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१

## मालिका गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## अर्खावाङ्ग, गुल्मी

# चौमासिक प्रगति प्रतिवेदन समीक्षाका

संयोजकः विकास खनाल(प्रमुख प्रशासकीय अधिकृत)

सदस्यः वसन्त भट्टराई (रोजगार संयोजक)

सदस्यः सुरेश अर्याल (MIS शाखा प्रमुख)

## १.पृष्ठभूमी :

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थावाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा संघ , प्रदेश र स्थानिय तहको गठन भएको छ, जसमा गुल्मी जिल्लामा १२ स्थानिय तहको गठन भएको छ । मालिका गाउँपालिका गुल्मी जिल्ला प्रदेश नं. ५ मा अवस्थित छ । भौगोलिक रुपमा मध्य पहाडमा अवस्थित ९२.४९ वर्ग कि.मी को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या २०,०७५ रहेको छ । स्थानियवासीहरुलाई सर्वसूलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ८ वटा वडामा विभाजन गरिएको छ । पूर्वमा मुसिकोट नगरपालिका र इस्मा गाउँपालिका , पश्चिममा प्युठान जिल्लाको गौमुखी गाउँपालिका र गुल्मीको मदाने गाउँपालिका , उत्तरमा बाग्लुङको बडिगाड र दक्षिणमा धुर्कोट गाउँपालिका रहेका छन् ।

नेपालको संविधान २०७२ , स्थानिय सरकार संचालन ऐन २०७४ , नेपाल सरकार तथा प्रदेश नं. ५ को सरकारले निर्दिष्ट गरेको निति, आर्थिक कार्यविधि ऐन २०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त निति निर्देशन , पन्ध्रौं आवधिक योजना , दिगो विकास लक्ष्य , सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारीकता कायम गर्ने सम्बन्धी नीतिगत मांगदर्शन , २०७५, आदि नीति नियमले यो चौमासिक प्रगति प्रतिवेदन प्रस्तुत तथा समिक्षा गर्ने कार्यलाई आधार स्तम्भ मिलेको छ।

नेपालको संविधानले राज्यको पूनसंरचना गरि संघ , प्रदेश,र स्थानिय तहमा अधिकारको बाँडफाड गरेपछि आफ्नो भौगोलिक सीमा भित्र संविधानको अनुसूचि वमोजिमका अधिकारहरुको प्रयोग गर्न सकिने संबैधानिक व्यवस्था अनुसार स्थानिय तहको समग्र विकास र जनताको जिवनस्तरमा आशातीत सुधार ल्याउने उद्देश्यका साथ मालिका गाउँपालिका योजनावद्ध ढंगले अगाडी बढिरहेको अवस्था छ ।

गाउँपालिका बाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरियताकोप्रतिबिम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ । योजनावद्ध आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणय आदि विकासको परिकल्पनालाई सारभूत तुल्याउन यो आ.व.२०८०/०८१ को दोस्रो चौमासिक सम्मको प्रगति प्रतिवेदनले ठूलो टेवा पुयाउने तथा जन निर्वाचित जन प्रतिनीधिहरुलाई समेत थप उत्साह र जोसका साथ विकास कार्यमा अगाडि बढ्ने प्रेरणाको आधार स्तम्भको रुपमा यो प्रगति प्रतिवेदन रहने छ ।

## २.उद्देश्यहरु :

- गाउँपालिकाबाट भएका दोश्रो चौमासिक सम्मको कार्यहरुको प्रगतिलाई आधार मानि थप भविष्यका योजनाहरु निर्माण गर्नु ।
- जनताको सूचनाको हक अधिकारलाई प्रत्याभूत तुल्याउनु र सार्वजनिक सेवाप्रवाहलाई जनमैत्री, पारदर्शी, जनउत्तरदायी बनउनु।
- कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा के, कति ,कहिले ईत्यादि बारे सुपरिवेक्षण गर्नु ।
- निश्चित समयमा कार्यसम्पादन विश्लेषण गरि तय गरिएका लक्ष्यसँगको फरक पत्ता लगउनु र आगामी कार्यसम्पादनमा सुधार गर्नु ।

## ३.सकरात्मक पक्षहरु :

- जनमैत्री सेवाप्रवाहको लागी आवश्यक संस्थागत र संरचनागत पक्षहरुलाई प्राथमिकतामा राखिएको।
- सूचना प्रविधिलाई उच्च प्राथमिकता दिइने गरिएको ।
- नागरिक वडापत्रको व्यवस्था गरिएको ।
- सूचना हक कार्यन्वयनको लागी सूचना प्रवक्ताको व्यवस्था गरिएको ।
- सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन मासिक/चौमासिक कर्मचारी बैठक/समीक्षा गर्ने गरिएको।

## ४. सीमाहरु :

- यो प्रतिवेदनले वि.स २०८० साल मंसिर १ गते देखि २०८० साल फागुन मसान्त सम्म दोस्रो चौमासिक भएको कार्यलाई मात्र समेटेको छ ।
- यो प्रतिवेदनले गाउँपालिकाले गरेका कार्यक्रमको प्रगति प्रतिवेदनलाई मात्र समेटेको छ ।

## ५. आर्थिक वर्ष २०८०/०८१ को मंसिर १ देखि फागुन मसान्त सम्मको दोस्रो चौमासिक सम्मको शाखागत कार्यको प्रगति विवरण:

मालिका गाउँपालिकाको आ.व २०८०/०८१ को गाउँसभाले पारित गरेको नीति ,बजेट तथा कार्यक्रमको अधिनमा रहि यस गाउँपालिकाका हरेक वडा तथा शाखाले नियमानुसार आफ्नो आफ्नो कार्यहरु गरेका छन ।जसमा मुख्यशाखागत रुपमा भएका प्रगतिहरु देहाय बमोजिम छन् ।

### प्रशासन शाखा :

१. कर्मचारी विवरणः

क)गाउँपालिका स्वीकृत दरबन्दी ८२ जना

ख) करारमा कार्यरत कर्मचारी १६३ जना (शिक्षक र प्रदेशका कर्मचारी समावेश नभएको)

२. आर्थिक वर्ष २०८०/८१ फागुन सम्म गरिएको पदपूर्ति

क) रोजगार शाखाः २ जना

ख) कृषि शाखाः २ जना

ग) प्राविधिक शाखाः १ जना

घ)स्वास्थ्य शाखाः १ जना

३. मालिका गाउँपालिकाको आयोजनामा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि सार्वजनिक खरिद र वित्तिय सुशासन सम्बन्धि ३ दिने तालिम सम्पन्न भएको ।

४. आर्थिक वर्ष २०७९/०८० को कार्यसम्पादन मुल्याङ्कनमा प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा प्रकाशित प्रतिवेदन अनुसार ४६० गाउँपालिका मध्ये मालिका गाउँपालिका पहिलो स्थानमा पर्न सफल भएको।

५. गाउँपालिकाको कार्यालयमा ई-हाजिरी जडान गरिएको जसले गर्दा कर्मचारीहरु समयमै उपस्थित भई कार्यसम्पादनमा थप सहजता भएको ।

६. कार्यसम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भई लागु भएको।

७. मालिका गाउँपालिकाको आयोजनामा मिति २०८०/१२/०७ देखि २०८०/१२/०९ सम्म शिविर सञ्चालन गरिएको जसअन्तर्गत देहायका विषय समेटिएको ।

- स्वास्थ्य उपचार
- आयुर्वेदिक औषधि बितरण
- माटो परिक्षण
- विषादी वितरण

- अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण
- पशु औषधि वितरण
- योजना फरफारक

८. मिति २०८०/११/०१ देखि २०८०/११/०२ गते सम्म मालिका रनिङ्ग शिल्ड तथा अन्तर स्थानीय तह भलिबल प्रतियोगीता सम्पन्न भएको ।

९. मालिका गा.पा भित्र लुकेर रहेका प्रतिभाहरुलाई उजागर गर्नका लागी मालिका ताराको आयोजना गरिएको ।

१०. विश्व उपभोक्ता अधिकार दिवसको अवसरमा मिति २०८०/११/०१ गते मालिका गा.पा को वडा नं १ ,२,३ मा बजार अनुगमन समितिका संयोजक श्री उपेन्द्र अर्यालको नेतृत्वमा सम्पन्न भएको।

### कर्मचारी प्रशासनका सवल पक्षहरुः

- सबै कर्मचारीहरु आफ्नो कामप्रति जिम्मेवार र उत्तरदायी ।
- सबै कर्मचारी युवा प्रविधिमैत्री रहनु ।
- सबैको साझा उद्देश्य मालिका गाउँपालिकालाई समृद्ध मालिका बनाउने रहेको ।
- कर्मचारीहरुले आफ्नो दायित्व पुरा गर्न कार्यालय समय नभनी अहोरात्र खटिएका ।

### कर्मचारी प्रशासनलाई सवल बनाउने पक्षहरुः

- जिम्मेवार बनाउन गुण अवगुण र कार्य प्रगतिका आधारमा प्रोत्साहन लगाएतका थप सुविधाको व्यवस्था मिलाउने ।
- आचरण विपरित क्रियाकलाप गर्नेलाई दण्डित गर्ने ।
- गाउँपालिका बाट प्रवाह हुने सेवा सुविधामा समानता कायम गर्ने ।
- नतिजामा आधारित बनाउनकालागी कार्य सम्पादन सम्झौता  गर्ने ।

## स्वास्थ्य शाखा :

मालिका गाउँपालिकामा २०८० साल चैत्र ०७ गते देखि ०९ गते सम्म ३ दिन संचालन भएको एकिकृत घुम्ति शिविर बाट स्वास्थ्य तर्फ विशेषज्ञ सेवा सहितको सेवामा सेवा पाएका सेवाग्राहिहरुको विवरण

- आँखाको जाँच गरेका जम्मा संख्या ७३२ जना
- दन्त रोगको उपचार जम्मा संख्या ९१८ जना
- महिला रोग विशेषज्ञ सेवा प्राप्त गरेको संख्या ३४० जना
- भि आई ए गरेका महिलाहरुको संख्या ३२५ जना
- पाठेघर खसेका महिलाहरुको रिङप्रेसरी सेवा दिएको संख्या २८ जना
- जम्मा २३४३ जना

  २०८० फागुन १६ गते देखि २० गते सम्म संचालन भएको दादुरा रुवेला खोप अभियान २०८० को मालिका गाउँपालिकाको लक्ष्य १५९७ जना १०४ प्रतिशत ।

## पशु सेवा शाखा:

१. पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधि वितरण तथा महामारी रोग(लम्पी स्किन डिजिज -३००डोज , रेविज -१६५) विरुद्ध खोप लगाइएको।

२. कृतिम गर्भाधान , घासको स्रोतकेन्द्र स्थापना , किसान सुचिकरण जस्ता कार्यक्रम संचालन गरेको।

३. नश्ल सुधारकोलागि बोका (३८), बङगुर (५५) वितरण गरिएको।

४. भकारो सुधार , खोर सुधार, बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।

## कृषि विकाश शाखा :

- ५०% अनुदान खाद्यान्न वालीको उन्नत बिउ, धानको गवारो नियन्त्रणको लागि निःशुल्क विषादी, ९३ थान अस्थायी पलाष्टिकटनेल वितरण गरिएको ।
- हेफरसँगको लागत साझेदारीमा माहुरी घार वितरण,उखु प्रवर्द्धन , तौल मेसिन वितरण, तरकारी उत्पादन तालिम जस्ता कार्यक्रम सञ्चालन गरिएको।
- ओखर पकेटको स्थापना तथा ९००० ओखर विरुवा रोपण कार्य सम्पन्न भएको ।
- बाली कटानी तथा रिपोटिङ्ग र किसान सुचिकरण कार्य भईरहेको ।

## गरिवी निवारणका लागि लुघु उद्यम विकास कार्यक्रम

### सामाजिक परिचालन

- मालिका गाउँपालिका वडा नं ५ छापहिलेमा अभिमुखि कार्यक्रम सम्पन्न भएको ।
- सहभागितात्मक ग्रामिण लेखाजोखा सम्मपन्न भएको ।
- घरधुरी सर्वेक्षण कार्यक्रम सम्पन्न भएको ।
- समूह गठन भएको ।

## उद्यमशिलता विकास तालिम:

- व्यवसाय शुरु तालिम ।
- व्यवसाय सचेतना तालिम सम्पन्न ।
- लैगिंक समानता र सामाजिक समावेशिकरण सम्पन्न

## खानेपानी तथा सरसफाई :

१. ५ घन मिटरको १ वटा, ६ घन मिटरको २ वटा, ७ घन मिटरको १ वटा र २० घन मिटरको १ वटा गरि पाँच वटा रिजर्भेयर टयाङ्की निर्माण भएको ।

२. एउटा इनटेंक, एउटा कलेक्शन च्याम्बर ,१८० धारा निर्माण तथा ६४०३ मिटर पाइपलईन सम्पन्न भएको।

## सडक पुर्वाधार :

- नयाँ ट्र्याक खोल्ने कार्य १५ कि.मि, सडक मर्मत तथा विस्तार ४२.८ कि.मि, सडक ग्रावेल ५.५० कि.मि, ग्याविन जालीको रिटेनिङ्ग वाल २४८० घन मिटर, सिमेन्ट मसलामा ढुङ्गाको वाल १८०० घ.मी, . पलम्ब वाल ३०० घन मिटर, आर.सि.सि ढलान १४० मिटर भएको ।

## शिक्षा शाखा :

१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शैक्षिक पर्दशनी, युवा मैत्री स्थानीय शासनका लागि युवाका मुद्दामा बहस पैरवी, नमुना युवा संसद अभ्यास, युवा स्वयमसेवक निर्माण तथा परिचालन, अभिभावकसँग उपाध्यक्ष, शिक्षा ऐन तथा नियमावली संशोधन र निर्माण जस्ता कार्यक्रम सम्पन्न भएको ।

२.विद्यालय सुपरिवेक्षण तथा मेन्टरिङ, शैक्षिक सामाग्री निर्माण तालिम, रिक्त दरवन्दी शिक्षक पदस्थापन, विभिन्न निकासाहरु (तलब , दिवाखाजा, प्रति विद्यार्थी र छात्रवृति ) निकाशा को कार्य सम्पन्न भएको ।

## महिला बालबालिका तथा जेष्ठनागरीक शाखा

- लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत अन्तर मा.वि (छात्रा) वतृत्वकला प्रतियोगिता सम्पन्न भएको ।
- बालवालिका कार्यक्रम अन्तर्गत प्रत्यक माध्यमिक विद्यालयमा बाल विवाह तथा महिला हिंसा न्युनिकरण सम्बन्धि जनचेतनामूलक डकुमेन्ट्री जुना चलचित्र पर्दशनी कार्य सम्पन्न भएको ।
- एकिकृत घुम्ती शिविर संचालन गरी वडा नं २ ,६,८मा जम्मा ३० जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको ।

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखा:

**यस शाखाबाट दोश्रो त्रैमासिकबाट ३६३१ जनाको EFT बाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।**

| क्र.स. | सामाजिक सुरक्षाको किसिम | दोस्रो त्रैमासिक लाभग्राहीको संख्या |
|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | १८२८ |
| २ | जेष्ठ नागरिक दलित | ४३२ |
| ३ | जेष्ठ नागरिक एकल महिला | १८८ |
| ४ | विधवा | ३३३ |
| ५ | क वर्ग फकर क्षमता भएका | ६९ |
| ६ | ख वर्ग फरक क्षमता भएका | १७२ |
| ७ | दलित बालबालिका | ६३९ |
| ८ | जम्मा | ३६६१ |

राजश्व शाखाः

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | सम्पत्ती कर | १६५७ |
| २ | भुमिकर /मालपोत | २९७८३ |
| ३ | वहाल कर | १५४३६० |
| ४ | सवारी साधन कर | ३२०० |
| ५ | अन्य मनोरञ्जन कर | ३७००० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ६२६२४ |
| ७ | कृषि तथा पशुजन्य वस्तुको कारोवार कर | ३००० |
| ८ | अन्य कर | ८९८४८४ |
| ९ | रोयल्टी | १६०० |
| १० | कृषी उत्पादनको बिक्रीबाट | ४१२ |
| ११ | न्यायिक दस्तुर | २४०० |
| १२ | परिक्षा शुल्क | १२६१०० |
| १३ | सिफारिस दस्तुर | ४८०४०१ |
| १४ | व्याक्तिगत घटना दस्तुर | ४७३८५० |
| १५ | नाता प्रमाणित | २५६००० |
| १६ | व्यावसाय रजिष्ट्रेशन | ६२८५० |
| १७ | अन्य क्षेत्रको आय | ४५९३५ |
| १८ | व्यवसाय कर | ३४३७७५ |
| १९ | वेरुजु | ३७९४३६ |
| २० | दहत्तर वहत्तर शूल्क | ११६५५०० |
|  | **जम्मा** | **३४,७९,३६८/-** |

## वडा नं १ (नेटा)

- वडागत सिलिङ्गका योजना

१.कुल योजनाको सङ्ख्याः १६

२.सम्पन्न भएका योजना संख्याः ११

३.कार्य सञ्चालन भइरहेका योजना संख्याः५

४.सम्झौता भएका योजना संख्याः १६

## वडा नं २ ,दर्लिङ्ग

- वडागत सिलिङ्गका योजना

१.कुल योजनाको सङ्ख्याः २५

२.सम्पन्न भएका योजना संख्याः १४

३.कार्य सञ्चालन भइरहेका योजना संख्याः४

४.सम्झौता भएका योजना संख्याः २२

५.भुक्तानी भएका योजना संख्याः ११

## वडा नं ३ ,ह्याङ्गदी

- वडागत सिलिङ्गका योजना

१.कुल योजनाको सङ्ख्याः २९

२.सम्पन्न भएका योजना संख्याः २२

३.कार्य सञ्चालन भइरहेका योजना संख्याः७

४.सम्झौता भएका योजना संख्याः २९

५.भुक्तानी भएका योजना संख्याः १२

## वडा नं ४,अर्खावाङ्ग

- वडागत सिलिङ्गका योजना

  १.कुल योजनाको सङ्ख्याः २१

  २.सम्पन्न भएका योजना संख्याः ०३

  ३.कार्य सञ्चालन भइरहेका योजना संख्याः१८

  ४.सम्झौता भएका योजना संख्याः २१

  ५.भुक्तानी भएका योजना संख्याः ०३

## वडा नं ५ ,छापहिले

- वडागत सिलिङ्गका योजना

  १.कुल योजनाको सङ्ख्याः १९

  २.सम्पन्न भएका योजना संख्याः १४

  ३.कार्य सञ्चालन भइरहेका योजना संख्याः५

  ४.सम्झौता भएका योजना संख्याः१९

  ५.भुक्तानी भएका योजना संख्याः १०

## वडा नं ६ ,अर्जै

- वडागत सिलिङ्गका योजना

  १.कुल योजनाको सङ्ख्याः२२

  २.सम्पन्न भएका योजना संख्याः ११

  ३.कार्य सञ्चालन भइरहेका योजना संख्याः७

  ४.सम्झौता भएका योजना संख्याः १६

  ५.भुक्तानी भएका योजना संख्याः ४

## वडा नं ७ (घमिर)

- वडागत सिलिङ्गका योजना

१.कुल योजनाको सङ्ख्याः १७

२.सम्पन्न भएका योजना संख्याः ६

३.कार्य सञ्चालन भइरहेका योजना संख्याः६

४.सम्झौता भएका योजना संख्याः १४

५.भुक्तानी भएका योजना संख्याः ५

## वडा नं ८ (मर्भुङ्ग)

- वडागत सिलिङ्गका योजना

१.कुल योजनाको सङ्ख्याः २२

२.सम्पन्न भएका योजना संख्याः १८

३.कार्य सञ्चालन भइरहेका योजना संख्याः४

४.सम्झौता भएका योजना संख्याः २२

५.भुक्तानी भएका योजना संख्याः१८

## गाउँपालिकाको पंजिकरण तर्फको वडागत विवरण

| क.सं | वडा नं | जन्म | विवाह | मृत्यु | सम्बन्ध विच्छेद | बसाई सराई (आएका परिवार) | बसाई सराई (गएका परिवार) |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ४० | १४ | ७ | २ | ० | ४ |
| २ | २ | ६१ | ३० | १५ | ०२ | ०१ | २ |
| ३ | ३ | ३४ | १५ | ४ | ० | ० | २ |
| ४ | ४ | ३० | १३ | ०९ | ०१ | ० | ४ |
| ५ | ५ | ६५ | २३ | ११ | ०१ | ०१ | ५ |
| ६ | ६ | १३ | १९ | २१ | ०२ | ४ | ९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७ | ८१ | ४४ | २७ | ०३ | ० | ८ |
| ८ | ८ | १०४ | ४४ | १६ | ०२ | ० | २ |

## मालिका गाउँपालिकाकोकुल वडागत आन्तरिक राजश्व सङ्कलन

| क्र. सं | वडा नं | आन्तरिक राजश्व सङ्कलन रु. |
|---|---|---|
| १ | १ | २,६८,५५८.४७/- |
| २ | २ | १,८७,९४०.००/- |
| ३ | ३ | १,३३,१९९.००/- |
| ४ | ४ | १,५२,५१४.०८/- |
| ५ | ५ | १,६०,९७०.५२/- |
| ६ | ६ | २,६१,५१३.५०/- |
| ७ | ७ | २,८१,१५०.००/- |
| ८ | ८ | ३,१८,१०३.८२/- |

## आर्थिक शाखा आम्दानी तर्फ

| क्र.स | स्रोत | प्राप्तिको स्रोत | वार्षिकअनुमानित आय | आम्दानी | मौज्दात |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | १३३११- समानिकरण अनुदान | ९१000000.00 | ६८२५0000.00 | २२७५0000.00 |
| २ | संघीय सरकार | १३३१२ - शसर्त अनुदान चालु | २४७३00000.00 | १५८४८६000.00 | ८८८१४00.00 |
| ३ | संघीय सरकार | १३३१३ - शसर्त अनुदान पुँजीगत | २0९00000.00 | १0८0३000.00 | १00९७00.00 |
| ४ | संघीय सरकार | १३३१५ - विषेश अनुदान पुँजीगत | १६000000.00 | २१0२२१५.00 | १३८९७७८५.00 |
| ५ | संघीय सरकार | १३३१७ - समपुरक अनुदान पुँजीगत | १३000000.00 | ८४२१0६८.00 | ४५७८९३२.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | राजस्व बाडफाड(संघीय सरकार) | ११४११ - बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८३५०४७००.०० | ४३०००४७९.३७ | ४०५०४२२०.०० |
| ७ | प्रदेश सरकार | १३३११ - समानिकरण अनुदान | ६२५४०००.०० | ४६९०५००.०० | १५६३५००.० |
| ८ | प्रदेश सरकार | १३३१२ - शसर्त अनुदान चालु | ११५००००.०० | ३७९५००.०० | ७७०५००.०० |
| ९ | प्रदेश सरकार | १३३१३ - शसर्त अनुदान पुँजीगत | ६००००००.०० | १९२०५००.०० | ४०७९५००.०० |
| १० | प्रदेश सरकार | १३३१७ - समपुरक अनुदान पुँजीगत | १००००००००.०० | ३२०००००.०० | ६८०००००.०० |
| ११ | राजस्व बाडफाड | ११४५६ - बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ४२२६०६२.०० | २८५०२२६.९३ | १३७५८३५.०७ |
| १२ | अन्तरिक श्रोत | ३२१२१ - नगद | ५५०००००.०० | ३४७७२७९.३९ | २०२२७२२०.६१ |
| १३ | अन्तरिक श्रोत | ३२१२२ - बैंक मौज्दात | १९१६६५१४.०० | १९१६६५१४.०० | ०.०० |
| १४ | स्थानीय तह | १३३११ - नगद अनुदान | ३५०००००.०० | ३५०००००.०० | ०.०० |
| | | | ५५७३२८२९२.०० | ३६१७४७२८२.६९ | १९३७३१००९.३१ |
| | | | | ६४.०९% | ३५.१% |

## खर्च तर्फ

| १ | कुल विनियोजित चालु तर्फको बजेट रु. | हाल सम्मको खर्च रु. | खर्च प्रतिशत(%) |
|---|---|---|---|
| | ३६,६६,६९,४९६.०० | १६,७२,४७,२४२.२३ | ४५.६१ |
| २ | कुलविनियोजित पुजीगत तर्फको बजेट रु. | हाल सम्मको खर्च रु. | खर्च प्रतिशत(%) |
| | १८,०६,५८,७९६.०० | ७,८०,९६,६१४.४० | ४३.२२ |
| ३ | कुल बजेट रु. | कुल खर्च रु. | खर्च प्रतिशत(%) |
| | ५४,७३,२८,२९२.०० | २४,५३,४३,८५६.६३ | ४४.८२ |

## क्षेत्रगत तर्फ

| **क्षेत्र** | **विनियोजित वजेट** | **खर्च** | **खर्च प्रतिशत(%)** |
|---|---|---|---|
| आर्थिक विकास तर्फ | २,८७,४५,७५०.०० | ६४,९८,६८५.०० | २२.६० |
| सामाजिक विकास | २९,०८,७३,०००.०० | १२,६७,९४,३०७.४० | ४३.५९ |
| पुर्वाधार | १२,२५,१०,७८१.०० | ६,६९,८०,०७४.०० | ५४.६७ |
| वन वातावरण तथा विपद व्यवस्थापन | २५,५५,०००.०० | १०,५५,०००.०० | ४१.२९ |
| सुशासनतथा अन्तरसम्बन्धितक्षेत्र | ९१,१९,०००.०० | २५,०१,१५५.०० | २७.४२ |

## वडा तर्फ

| वडा | विनियोजित वजेट | खर्च | खर्च प्रतिशत(%) |
|---|---|---|---|
| १ | २४,०४,०००.०० | १,३५,७२०.०० | ५.६४ |
| २ | ३०,१८,०००.०० | १३,८८,४३९.०० | ४६.०० |
| ३ | २६,३०,०००.०० | ८,७१,१५७.०० | ३३.१२ |
| ४ | २३,८४,०००.०० | ४,६१,४९६.०० | १९.३५ |
| ५ | २९,२९,०००.०० | ६,३६,१२९.०० | २१.७१ |
| ६ | २६,६९,०००.०० | ५,६६,०११.०० | २१.२० |
| ७ | ३०,००,०००.०० | ७,५३,५५३.०० | २५.११ |
| ८ | ३१,६४,०००.०० | ११,०२,८९२.०० | ३४.८५ |

## संघ प्रदेश तथा गाँउपालिका र कृषि शिक्षा स्वास्थ्य शाखाको बजेट खर्चको विवरण

| विवरण | चालु तर्फ प्रतिशत | पुजीगत तर्फ प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार तर्फ | ४७.०२ | ३१.१४ | ४४.९८ |
| प्रदेश सरकार तर्फ | ० | १६.६६ | १३.९८ |
| गाँउपालिका तर्फ | ४६.७४ | ४७.७४ | ४७.३१ |
| गाँउपालिका कृषि तर्फ | १७.२७ | ० | १३.०२ |
| गाँउपालिका शिक्षा तर्फ | ८.८७ | ७५.०२ | १५.०२ |
| गाँउपालिका स्वास्थ्य तर्फ | १०.०६ | | १०.०६ |

## केही भैरहेका कार्यहरु

- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा अन्तिम चरणमा पुगेको छ ।
- मध्यमकालिन खर्च संरचनाकोअन्तिम ड्राफ्ट तयार भएको छ ।

### उपलब्धिहरु:

आर्थिक वर्ष २०७८।७९ को अन्तिम लेखापरीक्षणमा  ०.९१ % बेरुजु कायम भएको थियो। जसले आ व २०७९ /८० को राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको कार्यसम्पादन मुल्याङ्कनमा देशभरिकै गाँउपालिकामा पहिलो नम्बरमा आउनको लागि महत्वपुर्ण भुमिका रहेको थियो।

### मालिका गाउँपालिकाले गरेका उत्कष्ट कार्यहरुः

- गाउँपालिकाले एकिकृत घुम्ती शिविर सञ्चालन गरि स्वास्थय उचार, आयुर्वेदिक औषधि बितरण, माटो परिक्षण, विषादी वितरण, अपाङ्ग तथा जेष्ठ नागरिक परिचयपत्र वितरण, योजना फरफारक लगायतका विभिन्ने विषयमा  सेवा प्रदान गरेको ।
- मालिका गाउँपालिका भित्र लुकेर रहेका प्रतिभालाई उजागर गर्नका लागि मालिका ताराको आयोजना गरेको ।
- मालिका रनिङ्ग शिल्ड आयोजना तथा अन्तर स्थानीय तह भलिबल प्रतियोगीता सम्पन्ना गरेको।
- पहिलो बेत व्यउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यक्रम सञ्चालन गरेको ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्सान एंव सम्मान कार्यक्रम सञ्चालन गरेको।
- पालिका भित्रका विभिन्न विद्यालयमा रिक्त शिक्षक पुर्तीका लागि शिक्षक बैंकको स्थापना गरेको ।
- सेवा प्रवाह वडातहबाटै प्रभावकारी बनाइएको ।
- दोश्रो चौमासिकमा आउँदा सम्म ४५% पुँजीगत प्रगति भएको ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा ट्रष्ट, सिँढि , चौपारी, पार्क आदि निर्माण गरिएको ।

### मालिका गाउँपालिकाले गर्न नसकेका कार्यहरुः

- आन्तरिक राजस्व क्षेत्रहरुको पहिचान र प्रभावकारी पहिचान गर्न नसक्नु ।
- माथिल्लो निकायबाट प्रयाप्त समन्वय नहुँदा जनशक्तिको उचित व्यवस्थापन गर्न नसक्नु।
- विकास निर्माणका कार्यमा सबैको सहयोय पाउन नसक्नु ।
- पर्यटन प्रवर्द्धन तर्फ अपेक्षित उपलब्धि हासिल गर्न नसक्नु ।
- बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्न नसक्नु ।

- सार्वजनिक सेवा प्रवाहमा नागरिकको अधिकार तथा दायित्व सम्बन्धमा स्पष्टरुपमा सुसूचित हुन नसक्नु।

**अन्त्यमा :**

मालिका गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को दोश्रो चौमासिक प्रगति प्रतिवेदन तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू ,उपाध्यक्ष ज्यू,वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सभा सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार लगाएत सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दछु । गाउँपालिकाको चौमासिक कार्य प्रगतिले राष्ट्रसेवक कर्मचारी तथा जन निर्वाचित दुवैलाई थप विकास निर्माणमा मार्गदर्शन प्राप्त हुने लक्ष्य राखि यस कार्यालाई निरन्तरता हुने प्रयासमा सबै सरोकारवालहरुको सकारात्मक सहयोग र सदभाव प्राप्त हुने अपेक्षा लिएको छु ।

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत

MALIKA RURAL MUNICIPALITY
गुल्मी, लुम्बिनी प्रदेश